**मिति २०८२ असोज २९ गते बिहिवारको ५९ औं कार्यपालिका बैठकका निर्णयहरु :**

१. माडी नगरपालिकाको मिति २०८२ भाद्र २४ गते बसेको विशेष नगर सभाको निर्णय, मिति २०८२ असोज २६ गतेको हुलाकी राजमार्ग निर्देशनालय बबरमहल काठमाडौंको पत्र संख्या २०८२/८३ चलानी नं. ६८ को सहमति सम्बन्धमा प्राप्त पत्र तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग को चलानी नं. ६६७ को सहजीकरण बारे पत्र र मिति २०८२ असोज २४ गते वन तथा वातावरण मन्त्रालयका सचिवज्यूको कार्यकक्षमा बसेको बैठकको निर्णय समेतका आधारमा हुलाकी राजमार्गको चितवन राष्ट्रिय निकुञ्जभित्रको सडक बनकट्टा कसरा सडक खण्डको बनकट्टा देउराली सडक खण्डलाई सम्बन्धित निकायबाट प्राप्त अनुमति तथा सहमति अनुसार मर्मत तथा स्तरोन्नती गर्न आवश्यक प्रकृया अगाडि बढाउन आवश्यकता अनुसार विज्ञ परामर्शकर्ताको सहयोग लिने।

२. यस माडी नगरपालिकाको वडा नं. ३ बसन्तपुरमा रहेको एक्काईस बिगाहा सत्र कठ्ठा नौ धुर (२१-१७-९) को आठ नम्बर प्रति जग्गा मध्येबाट पश्चिमबाट बीचमा एक बिगाहा दश कठ्ठा (१-१०-०) र पूर्व बीचमा पर्ने गरी १८ कठ्ठा (०-१८-०) जग्गा माडी नगरपालिका अन्तरगत रहेको बघौडा अस्पतालले भोगचलन गर्दै आईरहेकोमा सो जग्गा हालसम्म अस्पतालले निरन्तर प्रयोग गरिरहेको र अस्पतालमार्फत् समुदायको हितमा उपयोग भइरहेकोले, सो जग्गा बघौडा अस्पतालको नाममा भोगाधिकार प्रदान गर्न सम्बन्धित मन्त्रालय/निकायमा पत्राचार गर्ने।

३. बघौडा अस्पतालमा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय माडी नगरपालिका बसन्तपुर, चितवन बागमती प्रदेश, नेपाल २०७२

तारा कुमारी काजी महतो
नगर प्रमुख